# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/७६ प्र.शा.
च.नं. ६४३

मिति : २०७५/०५/११

श्री वडा कार्यालयहरु (सवै),
भरतपुर महानगरपालिका ।

विषय :- निर्णयको प्रतिलिपि पठाईएको ।

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिका, नगरकार्यपालिकाको मिति २०७५/०५/०८ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।

...............
०७५/५/११

(रोम बहादुर महत)
शाखा अधिकृत

वोधार्थ :
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका, (जानकारीको लागी)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका, (जानकारीको लागी)
श्री सूचना शाखा,
भरतपुर महानगरपालिका, (उक्त निर्णय महानगरपालिकाको Website मा राख्नु हुन)
श्री प्र.म.का. ....शाखा,
भरतपुर महानगरपालिका, (आवश्यक कार्यार्थ)

...526051, 523252, 525771 Fax: 056-520014

Scanned by CamScanner

निर्णयहरु

१. भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको प्रारम्भदेखि पन्ध्रौं बोर्ड बैठकसम्मका मुख्य निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षात्मक प्रस्तुतीकरण गरियो । निर्णयहरुको समग्र कार्यान्वयन अवस्था उत्साहप्रद पाइयो ।

२. महानगरको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि पारित गर्ने सम्बन्धमा शैक्षिक प्रशासन महाशाखाले तयार पारेको कार्यविधि र सो मा रहेका प्रमुख प्रावधानहरु प्रस्तुति भयो । र महानगरभित्रका विद्यालयहरुमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्नका लागि उक्त कार्यविधि अनुमोदन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

३. घर तथा भवनहरुको नक्शा भवन संहिता र मापदण्ड बमोजिम पारित गर्ने सम्वन्धमा यसअघि कार्यपालिका बैठकले तय गरेका आधारहरु तथा केही थप कार्यप्रवाह समेत समेटी तयार पारिएको "भरतपुर महानगरपालिकाको नक्सापास सम्वन्धि कार्यविधि" २०७५ बैठकमा पेश भई अनुमोदन गरियो ।

४. नियमित प्रकृतिका कामहरुमा महानगरबाट निकासा भई वडास्तरमा खर्च हुने विभिन्न खर्चहरुको आधारभूत मापदण्डका सम्वन्धमा बैठकमा जानकारी गराइयो ।

५. विकास व्यवस्थापन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि क्षमता विकास, कार्यान्वयनको तयारी तथा आपसी सिकाई सम्बन्धी विभिन्न क्षमता विकासका कार्यक्रमहरुको सूची बैठकमा जानकारी गराइयो ।

६. विपद् व्यवस्थापन सम्बन्धी वडास्तरीय समिति गठन एवं विपद जोखिम आँकलन तथा योजना निर्माण सम्वन्धमा विपद् व्यवस्थापन सम्बन्धी नमूना कानूनमा रहेका व्यवस्था अनुरुप वडास्तरमा विपद् व्यवस्थापन समिति गठन गरी जोखिम आँकलन तथा विपद् व्यवस्थापन योजनाको कार्य अघि बढाउने तथा २०७५ भाद्र मसान्तभित्र यस सम्बन्धी महानगरस्तरीय कार्यशाला आयोजना गर्ने निर्णय गरियो ।

७. भाद्र २४ देखि ३० सम्म विश्व सरसफाई सप्ताहलाई सक्रियतापूर्वक मनाउने सम्बन्धमा वडास्तरमा समेत प्रचारप्रसार गरी सरसफाईका सरोकारवाला सहितको सहभागितामा उक्त सप्ताह मनाउने निर्णय गरियो ।

८. नेपाल नगरपालिका संघको सदस्यता नवीकरण गर्ने निर्णय गरियो ।

९. चीनको छाङ्सा शहर र बिराटनगर महानगरपालिकासँग भरतपुर महानगरले भगिनी सम्वन्ध कायम राख्ने सम्बन्धमा प्राप्त प्रस्ताव स्वीकार गर्ने र कोरियाको सुदोकोन ल्याण्डफिल्डसाइट म्यानेजमेन्ट कम्पनीसँग फोहोरबाट उर्जा कार्यक्रमको तयारी सम्बन्धमा भरतपुर महानगरपालिकाले MOU गर्ने निर्णय गरियो ।



Scanned by CamScanner

विविध निर्णयहरु

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट माग भए बमोजिम भरतपुर महानगरको साविकको संगठन संरचनामा सामान्य हेरफेर गरी तयार पारिएको विवरणलाई अनुमोदन गरियो ।

२. विधि प्रकृया पूरा गरी राजस्व महाशाखाबाट पेश हुन आएको राजस्व फिर्ता सम्वन्धी १० वटा करदाताको राजस्व रकम नियमानुसार फिर्ता दिने निर्णय गरियो ।

३. भरतपुर महानगरपालिकाको कानूनी क्षेत्राधिकार एवं अन्तरिम संगठन संरचना अनुसार कामलाई सुव्यवस्थित गर्नका लागि हाल रहेको भवनको देब्रेपट्टिको पुरानो भवन भत्काई ८ कोठे भवन बनाउन यथाशिघ्र प्रकृया अघि बढाउने निर्णय गरियो ।

४. आ ब २०७३/७४ को कार्यावधि सम्पन्न भै आ ब २०७४/७५ को भुक्तानी दिन बाँकी विवरणमा छूट भएको भरतपुर महानगरपालिका वडा नं १६ को सौर्य सडकबत्ती निर्माण तथा जडान कार्यको रु ३, ७९, २६०।- पालुवा टोल विकास समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

५. पुल्चोक आँपटारी सडकलाई सहरी सडक कायम गर्ने नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयनका सम्वन्धमा वैठकमा पेश हुँदा उक्त सडकको चौडाई हाल रहेको भन्दा कम नहुने शर्तमा सहरी सडक कायम गरी अन्य कारोवारको फुकुवा लगायतका कामहरु अघि वढाउने निर्णय गरियो ।

६. महानगरमा हाल रहेका हेभी इक्विपमेन्टको चालू हालतसहितको विवरण तथा २०७५ श्रावणदेखि हालसम्म घ वर्गको निर्माण व्यवसायी इजाजत प्राप्त गर्ने ७ वटा फर्मको नामावली वैठकलाई जानकारी गराइयो ।

७. धरान उपमहानगरपालिकाका मेयर श्री तारा सुब्बाको असामयिक निधन भएकोमा शोक प्रस्ताव पारित गरियो ।

Scanned by CamScanner